(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था)

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.

Shree Investment and Finance Co. ltd.

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np

पत्र संख्या:- २०७९/८०-५४६

मिति: २०७९/०९/०८

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड
सिंहदरवार प्लाजा
काठमाडौं

**विषय: अठ्ठाइसौं वार्षिक साधारण सभा प्रयोजनार्थ शेयर कारोवार दाखिल खारेजी बन्द (Book closure) रहने सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०७९ पौष ७ गते विहीवार बसेको सञ्चालक समितिको ३२६औं बैठकले मिति २०७९ पौष २९ गते शुक्रवारका दिन अठ्ठाइसौं वार्षिक साधारण सभा बोलाइएको तथा उक्त सभाको प्रयोजनकालागि मिति २०७९ पौष १९ गते मंगलवार १ दिन वित्तीय सस्थाको शेयर कारोवार दाखिल खारेजी बन्द (Book closure) गर्ने निर्णय भएकोले मिति २०७९ पौष १९ गते मंगलवारका दिन शेयर कारोवार दाखिल खारेजी बन्द (Book closure) गरि दिनु हुन अनुरोध गर्दछु ।

साथै, दाखिल खारेजी बन्द (Book closure) भन्दा अघिसम्म कायम रहेका शेयरधनीहरुलाई सो सभामा भाग लिन, वित्तीय संस्थाले प्रस्ताव गरेको लाभाँश प्राप्त गर्न, मतदान गर्ने अधिकार रहने व्यहोरा अनुरोध गर्दछु ।

**संलग्न**

| | | |
|---|---|---|
| १. | राष्ट्रिय दैनिक पत्रिका "आर्थिक अभियान" मा प्रकाशित सूचनाको प्रतिलिपी | १ थान |

भवदिय,

..................

(लिलामणि न्यौपाने)
प्रमुख कार्यकारी अधिकृत

# श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. को
# अठ्ठाइसौ वार्षिक साधारणसभा बस्ने सूचना

यस श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.को मिति २०७९ पौष ७ गते बसेको सञ्चालक समितिको ३२६औ बैठकको निर्णय अनुसार निम्न मिति, स्थान र समयमा देहायका प्रस्तावहरु उपर छलफल गरि पारित गर्नका लागी कम्पनीको २८औं वार्षिक साधारणसभा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**१. साधारणसभा बस्ने :**

मिति : वि.सं. २०७९ साल पौष २९ गते शुक्रबार (तदनुसार जनवरी १३, २०२३ ई.सं.) ।
स्थान : श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं लि.को रजिष्टर्ड कार्यालय, डिल्लीबजार, काठमाण्डौं
समय : बिहान १०.०० बजे ।

**२. छलफलका बिषयहरु :**

**(क) साधारण प्रस्ताव**

१. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आ.व. २०७८/०७९ को प्रतिवेदन छलफल गरि पारित गर्ने,
२. लेखापरीक्षकको प्रतिबेदन सहित आर्थिक बर्ष २०७८/०७९ आषाढ मसान्तको बासलात तथा सोहि आ.ब.सम्मको नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह बिवरण लगायत वार्षिक आर्थिक बिवरणसंग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने,
३. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व.२०७९/०८० को लागी लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदन गर्ने । (P&B Associates पुनः नियुक्तीकोलागी योग्य हुनुहुन्छ ।)
४. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप कम्पनीको चुक्ता पूँजीको ५.२०% ले हुन आउने रु. ४,९८,५१,१००/- (अक्षरेपी चार करोड अन्ठान्नब्बे लाख एकाउन्न हजार एक सय मात्र) बराबरको नगद लाभांश (कर प्रयोजनार्थ समेत) बितरण गर्न स्वीकृत गर्ने ।

**ख. विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप हालको चुक्ता पूँजीको २.४०% ले हुन आउने रु. २,३०,०८,२००/- ( अक्षरेपी दुई करोड तीस लाख आठ हजार दुई सय मात्र) बराबरको बोनश शेयर बितरण गर्न स्वीकृत प्रदान गर्ने,
२. बोनश शेयर बितरणबाट कम्पनीको साविक जारी तथा चुक्ता पूँजी रु.९५,८६,७५,०००/- बाट बृद्धि भई रु.९८,१६,८३२००/- (अक्षरेपी अन्ठान्नब्बे करोड सोह्र लाख त्रियासी हजार दुई सय मात्र) कायम हुने गरि कम्पनीको प्रवन्धपत्रको सम्बन्धित दफामा संशोधन गर्न स्विकृत प्रदान गर्ने ।
३. संस्थापक तर्फको विद्यमान शेयर स्वामित्व ५३.३२% र सर्व-साधारण तर्फको शेयर स्वामित्व ४६.६८% लाई क्रमश: ५१% र ४९% कायम गर्न प्रवन्ध पत्रको दफा ५ को खण्ड (घ) र (ङ) मा तदनुसार संशोधन गर्न स्वीकृति प्रदान गर्ने ।
४. उपरोक्त प्रस्ताव बमोजिम कम्पनीको प्रवन्धपत्रमा संशोधन गर्न तथा नियमनकारी निकायबाट कुनै फेरबदलको सुझाव भएमा तदनुसार समावेस गरि संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारणसभा सम्बन्धि सामान्य जानकारी**

१. कम्पनीको अठ्ठाइसौं वार्षिक साधारणसभा प्रयोजनकालागि मिति २०७९/०९/१९ गते एक दिन कम्पनीको शेयर दाखिल खारेजको काम बन्द (Book Closure) रहने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । उक्त दिन भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीले सभामा सहभागि हुन तथा कम्पनीबाट बितरित लाभांश पाउने हुनेछ ।
२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुबिधाको लागि हाजिरी पुस्तिका बिहान ९:०० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।
३. शेयरधनी महानुभावहरुलाई शेयर लगत किताबमा कायम रहेको ठेगानामा संक्षिप्त बार्षिक आर्थिक बिवरण पठाईनेछ ।
४. साधारणसभामा भाग लिन र मतदान गर्नकालागी प्रोक्सी ल्याउने व्यक्ति यस कम्पनीको शेयरधनी मध्येबाटै हुनु पर्नेछ । प्रोक्सी (प्रतिनिधीपत्र) साधारणसभा हुनुभन्दा ७२ घण्टा अगाबै कम्पनीको केन्द्रीय कार्यालयमा दाखिल भई सकेको हुनु पर्नेछ ।
५. कुनै व्यक्तिले एक भन्दा बढी व्यक्तिलाई प्रोक्सी दिएको भए रितपूर्वकको पहिलो दर्ता हुन आएको प्रोक्सी सदर गरी अरु प्रोक्सी रद्द हुनेछ, साथै प्रतिनिधी नियुक्त गरी सक्नु भएको शेयरधनी साधारणसभामा आफै उपस्थित भए निजले दिएको प्रोक्सी (प्रतिनिधीपत्र) स्वत: बदर हुनेछ ।
६. छलफलको बिषय अन्तर्गत विविध शीर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको बिषयबारे साधारणसभा हुनुभन्दा कम्तिमा सात दिन पहिले कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिव मार्फत लिखित रुपमा जानकारी दिनु पर्नेछ ।
७. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू वा उहाँबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिनु हुनेछ ।
८. अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाडौंमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

**द्रष्टव्य** : कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक बिवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण गर्न वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको केन्द्रीय कार्यालयबाट उपलब्ध गराउन सकिने लगायत कम्पनीको वेभसाइट www.shreefinance.com.np मा समेत राखिएको जानकारी गराईन्छ ।

**श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.**
डिल्लीबजार, गुरुजुको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं ।
फोन: ४४२२०३८, ४४२६१४६, ४४१५३४४, फ्याक्स: ९७७-१-४४२१७७९, E-mail: info@shreefinance.com.np